

के तपाईको घर पा( नीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस् !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्याको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रजित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०५९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क १३८ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० जेठ १८ गते बिहीबार ❑ 1 Jun 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५ ।-


## राष्ट्रपतिबाट नागरिकता विधेयक प्रमाणीकरण

**पोखरापत्र संवाददाता**
पोखरा, १७ जेठ

राष्ट्रपति रामचन्द्र पौडेलले नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक प्रमाणीकरण गर्नुभएको छ ।

राष्ट्रपति पौडेलले नेपालको संविधानको धारा ६१ को उपधारा (२) (३) (४) र धारा ६६ एवं सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तसमेत बमोजिम विधेयक प्रमाणीकरण गर्नुभएको प्रवक्ता शैलजा रेग्मी भट्टराईद्वारा जारी विज्ञप्तिमा जनाइएको छ ।

हालसम्म उक्त विधेयक ऐन बन्नका लागि प्रमाणीकरण नभएकाले विभिन्न अवस्था र स्थितिसमेत उल्लेख गरी सोही विधेयक प्रमाणीकरणका लागि भनी नेपाल सरकार, मन्त्रिपरिषद् बैठकको यही जेठ १२ गतेको निर्णयले उक्त विधेयक प्रमाणीकरण गर्न मन्त्रिपरिषद् को कार्यालयको पत्रबाट लेखी आएको राष्ट्रपतिको कार्यालयले जनाएको छ । गत २०७९ साउन १५ गते प्रस्तुत नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको नेपाल नागरिकता (पहिलो संशोधन) विधेयक, २०७९ सङ्घीय संसद्को दुवै सदनबाट पारित भएको थियो ।

प्रतिनिधिसभाका तत्कालीन सभामुखबाट साउन १५ गते प्रमाणित गरी तत्कालीन राष्ट्रपतिसमक्ष प्रमाणीकरणका लागि पेश भएको थियो । केही विषयमा ध्यानाकर्षणसहित पुनर्विचारका लागि सङ्घीय संसद्मा फिर्ता पठाइएकोमा ध्यानाकर्षण गराइएका विषयमा संघीय संसद्का दुवै सदनमा छलफल गरी प्रमाणीकरणका लागि पुनः भदौ २० गते राष्ट्रपतिसमक्ष पठाइएको थियो ।

## संघीयता कार्यान्वयनमा इमान्दार बनौँ–मुख्यमन्त्री पाण्डे

**पोखरापत्र संवाददाता**
पोखरा, १७ जेठ

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले सङ्घीयताको व्यावहारिक कार्यान्वयनमा तीनै तहका सरकार र राजनीतिक नेतृत्व इमान्दार बन्नुपर्ने बताउनुभएको छ ।

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानद्वारा बुधबार पोखरामा आयोजित 'वित्तीय सङ्घीयता र अन्तरसरकार सम्बन्ध' विषयक संवाद कार्यक्रममा उहाँले सङ्घ सरकारले कतिपय कानून नबनाएका कारण सङ्घीयता कार्यान्वयनमा जटिलता आइपरेको उल्लेख गर्नुभयो । "इमान्दारीपूर्वक सङ्घीयता लागू गर्ने कुरामा सबै जिम्मेवार बन्नुपर्‍यो, सङ्घीयता बाध्यकारी व्यवस्था हो जस्तो गरी हामी कसैले लिनुभएन", मुख्यमन्त्री पाण्डेले भन्नुभयो, "सङ्घीयतालाई दिगो र संस्थागत गर्न अझै कानून बनाउन बाँकी छ, यसको प्रक्रियालाई सहज र सरल बनाउनुपर्ने आवश्यकता छ ।" उहाँले सङ्घ सरकारले समन्यायिक ढङ्गले प्रदेश र स्थानीय तहलाई स्रोतसाधन उपलब्ध गराउनुपर्ने धारणा राख्नुभयो । प्रशासनिक र राजनीतिक नेतृत्वमा रहेको केन्द्रीकृत मानसिकता नहटेसम्म सङ्घीयता कार्यान्वयनमा सधैँ चुनौती रहिरहने मुख्यमन्त्री पाण्डेले बताउनुभयो ।

कार्यक्रममा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगका अध्यक्ष बालानन्द पौडेलले 'नेपालको सङ्घीयता र वित्तीय सङ्घीयता', 'नेपालको सङ्घीयतामा अन्तरसरकार सम्बन्ध', प्रतिनिधिसभा सदस्य एवं पूर्वमन्त्री रमेश लेखकले 'प्रदेशमा कानून निर्माणको प्रक्रिया र विधायकको भूमिका' विषयमा सहजीकरण गर्नुभएको थियो ।

यस्तै सङ्घीयतामा अन्तरसरकार सम्बन्धबारे दक्षिण अफ्रिकाका सङ्घीयतासम्बन्धी विज्ञ रुबेन बाप्टिजले भुर्चअल माध्यमबाट सहजीकरण गर्नुभएको थियो । प्रदेश र स्थानीय तहको अन्तरसम्बन्ध तथा कार्य जिम्मेवारीबारे विज्ञ यमनाथ शर्माले सहजीकरण गर्नुभएको थियो । संवाद कार्यक्रममा मुख्यमन्त्री, प्रदेशसभाका सभामुख, मन्त्री, प्रदेशसभा सदस्यलगायतको सहभागिता थियो ।

## सद्भावना अभिवृद्धिमा केन्द्रित रहन्छ : प्रधानमन्त्री दाहाल

**रासस**
काठमाडौं, १७ जेठ

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले आफूले बुधबारदेखि सुरु गरेको भारत भ्रमण सद्भावना अभिवृद्धि गर्न केन्द्रित रहने बताउनुभएको छ ।

नयाँदिल्लीस्थित नेपाली दूतावासले प्रधानमन्त्रीको सम्मानमा आयोजना गरेको रात्रिभोजसहितको कार्यक्रमलाई सम्बोधन गर्दै उहाँले आपसी विश्वासको तथा सद्भावना अभिवृद्धि गर्दै नेपाल र नेपालीको हितमा आफ्नो भ्रमण केन्द्रित रहने बताउनुभयो । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको औपचारिक निमन्त्रणामा आफूले भारत भ्रमण गरेको जानकारी दिँदै उहाँले यस अवसरमा द्विपक्षीय हित र चासोका विविध विषयमा छलफल हुने उल्लेख गर्नुभयो ।

नेपाल र भारतबीच सदिऔँ पुरानो र जनस्तरको सम्बन्ध रहेको दोहोर्‍याउँदै प्रधानमन्त्रीले यस भ्रमणपछि दुई देशबीचको मैत्री सम्बन्ध थप नयाँ उचाइमा पुग्ने विश्वास व्यक्त गर्नुभयो । प्रधानमन्त्री दाहालले भारतमा अध्ययन, रोजगारीलगायत अन्य काममा रहेका नेपाली आफैँमा सद्भावना दूत रहेको र नेपालको हितमा केन्द्रित रहेकामा प्रसन्नता व्यक्त गर्नुभयो । उहाँले भारतमा सिकेको सीप तथा ज्ञानलाई मुलुकको समृद्धिका लागि खर्चनसमेत आग्रह गर्नुभयो ।

नेपाली जहाँ रहे पनि नेपाल र नेपालीको हितमा रहेको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले विदेशमा रहेका नेपालीलाई मतदानको अधिकार प्रदान गर्न सरकार क्रियाशील रहेको बताउनुभयो । प्रधानमन्त्रीले सरकारले हालै मात्र वैदेशिक रोजगारीमा रहेका नेपालीलाई समेत सामाजिक सुरक्षाको अभियानमा संलग्न गराएकाले त्यसबाट लाभ लिन भारतमा रहेका नेपालीलाई आग्रह गर्नुभयो । कोभिडका कारण समस्यामा परेको अर्थतन्त्र क्रमशः सुधारका क्रममा अगाडि बढेको जानकारी दिँदै उहाँले वर्तमान सरकार गठन भएपछि अर्थतन्त्र सुधारका लागि दत्तचित्त भएर लागेको स्पष्ट पार्नुभयो । जनतालाई सेवासुविधा प्रदान गर्दै अर्थतन्त्रको विकास र विस्तारका लागि सरकार अग्रसर भएको जानकारी दिँदै प्रधानमन्त्री दाहालले त्यसको परिणाम छिट्टै देखिने बताउनुभयो । सेवा प्रवाहलाई थप सरल र जनपक्षीय बनाउन सरकार लागिपरेको जानकारी दिँदै उहाँले भ्रष्टाचार नियन्त्रणका लागि सरकार पूर्ण प्रतिबद्धताका साथ लागिपरेको र शून्य सहनशीलताको नीति अख्तियार गरेको छ, भन्नुभयो । स्थानीय, प्रदेश र सङ्घीय संसद्को निर्वाचनपछि नेपालको लोकतान्त्रिक प्रक्रिया नयाँ चरणमा प्रवेश गरेको र वर्तमान सरकार त्यसको अधिकतम विस्तारमा लागिपरेको उहाँले बताउनुभयो।नेपालीप्रतिनिधिमण्डलको नेतृत्व गर्दै प्रधानमन्त्री दाहाल बुधबार अपराह्न भारतको राजधानी नयाँदिल्ली आइपुग्नुभएको हो । प्रधानमन्त्री दाहाललाई इन्दिरा गान्धी अन्तर्राष्ट्रिय विमानस्थलमा भारतीय विदेश राज्यमन्त्री मिनाक्षी लेखीले स्वागत गर्नुभएको थियो ।

बुधबार साँझ प्रधानमन्त्री दाहालसँग भारतीय सुरक्षा सल्लाहकार अजित डोभालले शिष्टाचार भेटवार्ता गर्नुभएको थियो । साथमा भारतीय विदेश सचिव विनयमोहन क्वात्रासमेत सहभागी हुनुहुन्थ्यो। प्रधानमन्त्री दाहाल बिहीबार बिहान महात्मागान्धीको समाधिस्थल राजघाट जानुभई पुष्पगुच्छा अर्पण गर्ने कार्यक्रम छ । त्यसलगत्तै भारतीय समकक्षीसँग द्विपक्षीय भेटवार्ता गर्ने कार्यक्रम छ । हैदरावाद हाउसमा प्रधानमन्त्रीले भारतीय समकक्षीसँग भेटवार्ता गर्ने र लगत्तै प्रतिनिधिमण्डलस्तरमा भेटवार्ता गर्ने कार्यक्रम छ । केही महत्त्वपूर्ण विषयमा सहमति हुने र केही समझदारीपत्रमा हस्ताक्षर गर्ने कार्यक्रम छ । ऊर्जा व्यापार, वाणिज्य, व्यापार तथा आपसीहितका विविध विषयमा छलफल गर्ने गरी कार्यसूची तय भएको छ । प्रधानमन्त्री दाहालको सम्मानमा भारतीय प्रधानमन्त्रीले दिवा भोजको आयोजना गर्नुभएको छ । त्यसपछि प्रधानमन्त्री दाहालको भारतीय राष्ट्रपति द्रौपदी मुर्मू र उपराष्ट्रपति जगदीप धनखरसँग भेटवार्ता गर्ने कार्यक्रम छ । नेपाल उद्योग वाणिज्य महासङ्घ र भारतीय उद्योग परिसङ्घले आयोजना गर्ने अन्तर्क्रियालाई बिहीबार नै प्रधानमन्त्रीले सम्बोधन गर्ने कार्यक्रम छ ।

## नागरिकता विधेयकप्रति एमालेको आलोचना

**रासस**
काठमाडौं, १७ जेठ

प्रमुख प्रतिपक्ष दल नेकपा (एमाले)ले निष्क्रिय अवस्थामा रहेको नागरिकतासम्बन्धी विधेयक संसदीय विधि र प्रक्रिया उल्लङ्घन गरी जारी गरिएको भनी आलोचना गरेको छ ।

एमाले संसदीय दलका उपनेता सुवास नेम्वाङले मन्त्रिपरिषद्को निर्णय र सिफारिसबाट अचानक विधेयक राष्ट्रपतिबाट प्रमाणीकरण भएको भन्ने घटनाले पार्टीलाई स्तब्ध तुल्याएको प्रतिक्रिया दिनुभयो । उहाँले भन्नुभयो, "कानुन आवश्यकता थियो, निष्कर्षमा पुर्‍याउन ढिलाई भएकै हो, जारी गर्ने विधि र प्रक्रिया भने मिलेन ।" राष्ट्रपति रामचन्द्र पौडेलले नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक आजै प्रमाणीकरण गर्नुभएको हो ।

"राष्ट्रपति कार्यालयमा निष्क्रियरूपमा थन्किएको विधेयक मन्त्रिपरिषद्ले निर्णय गर्नासाथ सक्रिय हुन्छ ?" प्रश्न गर्दै उपनेता नेम्वाङले भन्नुभयो, "विधेयकमा समेटिएर आएका कतिपय विषयप्रति पार्टी गम्भीर छ ।" गत २०७९ साउन १५ गते प्रस्तुत नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको नेपाल नागरिकता (पहिलो संशोधन) विधेयक, २०७९ सङ्घीय संसद्को दुवै सदनबाट पारित भएको थियो । विधेयकलाई अलि समय लिएर विचार पुर्‍याएर टुङ्गोमा पुर्‍याउन पर्ने मत रहेको बताउँदै उहाँले भन्नुभयो, "यो गर्नुपर्ने काम थियो, तर संविधान, कानुन र संसदीय मूल्य मान्यताले नचिनेको बाटोबाट आयो ।"

उहाँले संविधानले जुन सदनमा त्यो उत्पत्ति भएको हो त्यही सदनको प्रमुखले प्रमाणित गरी राष्ट्रपतिसमक्ष प्रमाणीकरणका लागि पेस गर्नुपर्छ भनिएकामा त्यो प्रक्रियालाई बेवास्ता गरिएको आरोप पनि लगाउनुभयो ।

पार्टीकै पहलमा गैर नेपाली आवासीयलाई नागरिकता प्रदान गर्ने निर्णय गरेको स्मरण गराउदै पूर्वसभामुख नेम्वाङले त्यसलाई समेत समेटेर विधेयक समयमै बन्नु आवश्यक रहेको बताउनुभयो ।


सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ् कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१


## गण्डकीकै जेठो विद्यालयमा कास्कीकै अग्लो शिवपञ्चायन मन्दिर

**पोखरापत्र संवाददाता**
पोखरा, १७ जेठ

गण्डकी प्रदेशकै पुरानो विद्यालयका रूपमा रहेको पोखराको भीमकालीपाटन बगर स्थित संस्कृत माध्यमिक विद्यालय परिसरमा कास्की जिल्लाकै अग्लो शिवपञ्चायन मन्दिर स्थापना गरिएको छ ।



काठमाडौँमा पशुपतिनाथको दर्शन गर्न नसक्नेलाई लक्षित गरी करिब रु ९० लाख लागतमा मन्दिर निर्माण गरिएको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष विष्णुप्रसाद अधिकारीले जानकारी दिनुभयो ।

उहाँका अनुसार प्यागोडा शैलीमा निर्मित मन्दिर ४६ फिट अग्लो र पशुपतिनाथकै स्वरूपमा चारतर्फ नै ढोका राखिएको छ । यो कास्की जिल्लाकै अग्लो शिवपञ्चायन मन्दिर रहेको दाबी गरिएको छ । मन्दिरभित्र गणेश, सूर्य, देवी, शिव, विष्णुका मूर्तिका साथै रामसीता, राधाकृष्ण भगवानका मूर्ति स्थापना गरिएको छ। मन्दिरलाई पोखराको विशिष्टि धार्मिक गन्तव्यका रूपमा विकास गर्ने उद्देश्यका साथ दर्शनार्थीले सेती नदीको जलले स्नान गर्नसक्ने गरी १०८ धारा, यज्ञकुण्ड आदि स्थापना गरिने उहाँले जानकारी दिनुभयो । तत्कालीन संस्कृति तथा पर्यटनमन्त्री स्व रवीन्द्र अधिकारीको समयमा २०७५ सालमा मन्त्रालयबाट रु १५ लाख प्राप्त गरी सुरु गरिएको मन्दिरको निर्माणमा गोशली हाउसबाट रु १० लाख, गण्डकी प्रदेश सरकारबाट तीन चरणमा गरी रु १५ लाख र अन्य विभिन्न सहयोगदाताको सहयोगमा निर्माण गरिएको हो । आगामी दिनमा मन्दिरमा भक्तजनबाट प्राप्त हुने दान तथा सहयोग यसको संरक्षण र विकाससँगै गुरुकुलको दिगो सञ्चालनका लागि उपयोग गरिने अध्यक्ष अधिकारीले बताउनुभयो । विसं १९५८ मा राजकीय भाषा पाठशालाका रूपमा स्थापित गण्डकी क्षेत्रकै पुरानो यस विद्यालयमा हाल दुई सय ५० जना विद्यार्थी अध्ययनरत रहेको विद्यालयका प्रधानाध्यापक गोविन्दप्रसाद सिग्देलले जानकारी दिनुभयो । जसमध्ये ३३ जना विद्यार्थीले गुरुकुलका रूपमा आवाशीय अध्ययन गरिरहेका छन् । नवनिर्मित मन्दिरको यही जेठ १९ गते भव्य समारोहका बीच समुद्घाटन एवं मूर्तिको प्राणप्रतिष्ठा गर्ने तयारी भइरहेको प्रचारप्रसार उपसमितिका संयोजक श्रीकान्त खतिवडाले जानकारी दिनुभयो ।

# स्याङ्जाका स्थानीय तहलाई ४ अर्ब ६३ करोड

प्रकाश डोटेल
स्याङ्जा, १७ जेठ

आगामी आर्थिक वर्ष २०८०/०८१ का लागि स्याङ्जाका ११ स्थानीय तहलाई ४ अर्ब ६३ करोड ७८ लाख रुपैयाँ विनियोजन गरिएको छ। अर्थमन्त्री डा. प्रकाशशरण महतले सोमबार आर्थिक वर्ष २०८०/८१ को बजेट सार्वजनिक गर्दै जिल्लाका ११ स्थानीय तहलाई ४ अर्ब ६३ करोड ७८ लाख रुपैयाँ विनियोजन गरेका हुन्।

विनियोजित रकम मध्ये जिल्लाका ५ नगरपालिकालाई २ अर्ब ७५ करोड ४ लाख र ६ गाउँपालिका तर्फ १ अर्ब ८८ करोड ७४ लाख रहेको छ । नगरपालिकामा सबैभन्दा बढी पुतलीबजारलाई ७२ करोड २८ लाख छ भने कम भीरकोट नगरलाई ४० करोड २२ लाख विनियोजन गरिएको छ । पुतलीबजार नगरपालिकालाई ७२ करोड २८ लाख विनियोजन गरिएको छ । सो बजेटमध्ये समानीकरण अनुदानमा १३ करोड ८० लाख, सशर्त अनुदान तर्फ ५६ करोड ३८ लाख, विशेष अनुदानमा ७० लाख र समपुरक अनुदानमा १ करोड ४० लाख रहेको छ । वालिङ नगरपालिकालाई समानीकरण अनुदानमा १४ करोड ९६ लाख, सशर्त अनुदान अन्तर्गत ४१ करोड ४४ लाख, विशेष अनुदान तर्फ १ करोड ५० लाख र समपुरक अनुदान ३ करोड गरी कुल ६० करोड ९० लाख विनियोजन गरिएको छ।

गल्याङ नगरपालिकालाई ५२ करोड ८५ लाख विनियोजन गरिएको छ । उक्त रकममध्ये समानीकरण अनुदानमा १२ करोड २८ लाख, सशर्त अनुदान तर्फ ३८ करोड ७ लाख, विशेष अनुदानमा १ करोड ५० लाख र समपुरक अनुदानमा १ करोड रहेको छ । चापाकोट नगरपालिकालाई समानीकरण अनुदानमा ९ करोड ९९ लाख, सशर्त अनुदान अन्तर्गत ३२ करोड ४५ लाख, विशेष अनुदान ३ करोड र समपुरक अनुदानमा ३ करोड ३५ लाख गरी जम्मा ४८ करोड ७९ लाख विनियोजन गरिएको छ । भीरकोट नगरपालिकालाई समानीकरण अनुदानमा १० करोड ११ लाख, सशर्त अनुदान अन्तर्गत २७ करोड ६६ लाख, विशेष अनुदान तर्फ १ करोड ८५ लाख र समपुरक अनुदानमा ६० लाख गरी कुल ४० करोड २२ लाख विनियोजन भएको छ।

त्यसैगरी आँधीखोला गाउँपालिकालाई समानीकरण अनुदान तर्फ ८ करोड ३८ लाख, सशर्त अनुदानमा २४ करोड ६९ लाख, विशेष अनुदानमा १ करोड १५ लाख र समपूरक अनुदानमा १ करोड ६५ लाख गरी कुल ३५ करोड ८७ लाख विनियोजन गरिएको छ। कालीगण्डकी गाउँपालिकालाई ३५ करोड ३६ लाख विनियोजन गरिएको छ । कुल बजेटमध्ये समानीकरण अनुदानमा ९ करोड ६५ लाख, सशर्त अनुदान तर्फ २१ करोड ७१ लाख, विशेष अनुदानमा १ करोड ५० लाख र समपूरक अनुदान २ करोड ५० लाख रहेको छ।

विरुवा गाउँपालिकालाई समानीकरण अनुदानमा ८ करोड ५३ लाख, सशर्त अनुदान तर्फ २१ करोड ८५ लाख, विशेष अनुदानमा १ करोड ८० लाख र समपूरक अनुदानमा ५० लाख गरी कुल ३२ करोड ६८ लाख विनियोजन गरिएको छ।अर्जुनचौपारी गाउँपालिकालाई २८ करोड ९४ लाख विनियोजन गरिएको छ । बजेटमध्ये समानीकरण अनुदानमा ८ करोड १२ लाख, सशर्त अनुदानमा १९ करोड २२ लाख, विशेष अनुदान तर्फ ८० लाख, समपूरक अनुदानमा ८० लाख बजेट रहेको छ । हरिनास गाउँपालिकालाई २८ करोड ९० लाख विनियोजन गरिएको छ। उक्त रकममध्ये समानीकरण अनुदानमा ८ करोड ३० लाख, सशर्त अनुदान तर्फ १७ करोड ९५ लाख, विशेष अनुदानमा ९० लाख र समपूरक अनुदानमा १ करोड ७५ लाख रहेको छ।

त्यस्तै फेदीखोला गाउँपालिकालाई समानीकरण अनुदानमा ७ करोड ४४ लाख, सशर्त अनुदानमा १६ करोड ६० लाख, विशेष अनुदान तर्फ १ करोड ६५ लाख र समपूरक अनुदान १ करोड ३० लाख गरी कुल २६ करोड ९९ लाख विनियोजन गरिएको छ।

विनियोजित कुल बजेटमा समानीकरण अनुदान तर्फ १ अर्ब ११ करोड ५६ लाख, सशर्त अनुदानमा ३ अर्ब १८ करोड २ लाख, विशेष अनुदानमा १६ करोड ३५ लाख र समपूरक अनुदान तर्फ १७ करोड ८५ लाख बजेट विनियोजन गरिएको छ । गत आर्थिक वर्ष ४ अर्ब ६६ करोड २४ लाख रुपैयाँ विनियोजन गरिएको स्याङ्जाका ११ पालिकालाई २ करोड ४६ लाख कम अर्थात ४ अर्ब ६३ करोड ७८ लाख रुपैयाँ विनियोजन गरिएको छ । पुतलीबजार र भीरकोट नगरपालिका तथा आँधीखोला गाउँपालिकालाई गतवर्षको तुलनामा बढि र अन्य पालिकालाई कम बजेट विनियोजन गरिएको छ।

# घान्द्रुकमा अन्नपूर्ण सेन्चुरी महोत्सव सुरु,पर्यटन समृद्धिको आधारः सांसद बराल

पोखरापत्र संवाददाता
पोखरा, १७ जेठ

कास्कीको अन्नपूर्ण गाउँपालिका १०-११ घान्द्रुकमा अन्नपूर्ण आरोहण दिवसको अवसरमा आयोजित तेस्रो अन्नपूर्ण म्याराथन तथा सेन्चुरी पर्यटन महोत्सवको आजदेखि सुरु भएको छ।

पर्यटकीय गाउँ घान्द्रुकमा अन्नपूर्ण आरोहण दिवसको अवसरमा अन्नपूर्ण सेन्चुरी पर्यटन समिति र घान्द्रुक पर्यटन व्यवस्थापन समितिको आयोजनामा आजदेखि सेन्चुरी महोत्सव सुरु भएको हो। महोत्सवको उद्घाटन समारोहलाई सम्बोधनलाई गर्दै गण्डकी प्रदेश सभा सदस्य प्रकाश बरालले पर्यटन गण्डकी प्रदेशको समृद्धिको मुख्य आधार भएको बताए । 'घान्द्रुकमा स्वदेशी र विदेशी पर्यटन किन आउँछन् भन्ने धेरैको जिज्ञासा हुन सक्छ, घान्द्रुकमा प्राकृतिक सौन्दर्यता, मौलिक संस्कार संस्कृति अवलोकनका लागि पर्यटकहरु आउँछन्, सांसद बरालले भने, ' प्रदेश समृद्धिको आधार पर्यटन हो यसको विकास र प्रचारप्रसारमा सबै लाग्नुपर्छ ।' सांसद बरालले पर्यटनमा उद्यमशीलताको विकास गरी गाउँको समृद्धिसँग जोड्न जरुरी भएको बताए। उनले भने, पर्यटन क्षेत्रलाई उद्योगका रुपमा स्थापित गर्न गुणात्मकरुपमा फड्को मार्न जरुरी छ, यसमा सरकार र निजी क्षेत्रको साझेदारितालाई अझ फराकिलो बनाएर लैजानुपर्नेमा जोड दिए। पर्यटन क्षेत्रमा अहिलेसम्म जति प्रगति भएको छ, त्यो निजी क्षेत्रकै देन हो, लगानीमैत्री वातावरण सिर्जना गरी निजीक्षेत्रसँग हातेमालो गरेर अघि बढ्न जरुरी छ । सांसद बरालले घान्द्रुक गाउँलाई केन्द्रिय प्रसारण लाइनसँग जोड्न नेपाल विद्युत प्राधिकरणले टेण्डरको प्रक्रिया अगाडि बढाएकाले चाँडै नै गाउँमा केन्द्रिय प्रसारण लाइनसँग जोडिने बताए। 'पर्यटकीय घान्द्रुक गाउँका स्थानीयले केन्द्रिय प्रसारण लाइन नहुँदा वर्षाको समयमा विद्युतको समस्या झेल्दै आएका छन् यसको समाधानका लागि नेपाल विद्युत प्राधिकरणले घान्द्रुकमा लाइन विस्तारका लागि १७ करोड रुपैयाँमा टेण्डर आह्वान गरेको छ, चाँडै नै गाउँ केन्द्रिय प्रसारण लाइनसँग जोडिन्छ ।' बरालले भने । घान्द्रुक पर्यटन व्यवस्थापन समितिका अध्यक्ष विक्रम गुरुङले पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यसहित महोत्सवको आयोजना गरिएको बताए।

महोत्सवको उद्घाटन समारोहमा घान्द्रुकमा विगत १३ वर्षदेखि फोहोर व्यवस्थापमा सहयोग पुऱ्याउँदै आएका राम बहादुर परियारलाई सम्मान गरिएको छ । महोत्सव जेठ २० गतेसम्म सञ्चालन हुने छ । सन् १९५० जुन ३ तारिखमा फ्रान्सेली मौसिर हर्जोगको टोलीले अन्नपूर्ण हिमालको चुचुरोमा पाइला टेकेको दिनलाई अन्नपूर्ण आरोहण दिवसको अवसरमा अन्नपूर्ण सेन्चुरी पर्यटन समितिले म्याराथनको समेत आयोजना गर्दै आएको छ । दुईवर्ष कोरोना भाइरसका कारण रोकिएको म्याराथन तेस्रो संस्करणको म्याराथन महोत्सवको अन्तिम दिन जेठ २० गते सञ्चालन हुने आयोजकले जनाएको छ।

म्याराथन प्रतियोगितामा पुरुषतर्फ प्रथम हुने धावकले १ लाख ५० हजार, दोस्रो हुनेले १ लाख र तेस्रो हुनेले ७५ हजार पुरस्कार पाउनेछन् । यस्तै महिलातर्फ प्रथम हुने धावकले ७५ हजार, दोस्रो हुनेले ५० हजार र तेस्रो हुनेले २५ हजार रुपैयाँ पुरस्कार प्राप्त गर्नेछन् । म्याराथनमा सहभागि हुन पुरुषतर्फ ७ र महिलातर्फ ५ हजार रुपैयाँ दर्ता शुल्क निर्धारण गरेको छ । म्याराथन जेठ २० गते अन्नपूर्ण हिमालको आधार शिविरबाट सुरु भएर म्याराथन माछापुच्छ्रे आधार शिविर, बगर, देउराली, किम्रोङखोला, उरी हुँदै घान्द्रुकमा आएर सम्पन्न हुनेछ।

यसैगरी अन्नपूर्ण सेन्चुरी पर्यटन महोत्सवमा आयोजित खुल्ला गाउँस्तरीय पुरुष भलिबल प्रतियोगिता सुरु भएको छ।

खुला गाउँस्तरीय पुरुष भलिबल प्रतियोगितामा १३ समूहको सहभागिता रहेको आयोजकले जनाएको छ ।गाउँस्तरीय पुरुष भलिबल प्रतियोगिताको विजेताले ८० हजार र उपविजेताले ५० हजार रुपैयाँ पुरस्कार प्राप्त गर्ने छन्। बास्केटबल प्रतियोगिताको विजेताले ८० हजार र उपविजेताले ५० हजार रुपैयाँ पुरस्कार प्राप्त गर्नेछ । महोत्सव अवधिभर पर्यटकहरुलाई घान्द्रुकमा २० प्रतिशत छुट दिएको छ भने भलिबल र बास्केटबलतर्फ ८ सय रुपैयाँको प्याकेजमा खाने बस्ने व्यवस्था गरेको आयोजकले जनाएको छ।

# पोखरामा तीन दिने खेल पत्रकारिता तालिम सुरु

पोखरापत्र संवाददाता
पोखरा, १७ जेठ

पोखरामा बुधबारबाट खेल पत्रकारिता सम्बन्धी तालिम सुरु भएको छ।

नेपाल खेलकुद पत्रकार मञ्च गण्डकील आयोजना गरेको तालिमको गण्डकी प्रदेशका सामाजिक विकास तथा स्वास्थ्य मन्त्री सुशिला सिंखडाले उद्घाटन गरिन्। उद्घाटन कार्यक्रममा बोल्दै मन्त्री सिंखडाले पोखरामा क्रिकेट रंगशाला निर्माण गर्नेदेखि प्रदेशमा गर्ने केही कार्यक्रमको बारेमा उनले बेलिविस्तार लगाइन्।

मन्त्रालय सम्हालेको बल्ल १६ दिनमात्र भएकोले कतिपय कुराको बारेमा जानकारी लिनेक्रममानै रहेको उनको भनाई थियो । नेपाल खेलकुद पत्रकार मञ्चले पोखरामा प्रदेश स्तरीय खेलकुद पत्रकारिता तालिम गरेकोमा खुशी व्यक्त गर्दै पत्रकारको क्षमता अभिवृद्धि गर्ने खालका कार्यक्रममा आफ्नोतर्फबाट सहयोग रहने बताइन् । नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीका अध्यक्ष दीननाथ बरालको अध्यक्षतामा भएको उद्घाटन कार्यक्रममा प्रदेश खेलकुद परिषद गण्डकीका उपाध्यक्ष धोज कुमार गुरुङ, मञ्चका संस्थापक अध्यक्ष रामकृष्ण ज्ञवाली, नेपाल पत्रकार महासंघका केन्द्रिय सदस्य सरिता तिमिल्सना पंगेनी, नेपाल पत्रकार महासंघ गण्डकीका महासचिव गोविन्द सुवेदी, नेपाल पत्रकार महासंघ मनाङका अध्यक्ष नविन लामिछाने, नेपाल पत्रकार महासंघ कास्कीका उपाध्यक्ष रामप्रसाद तिमिल्सिना, मञ्चका उपाध्यक्ष एवं तालिम संयोजक सुरज श्रेष्ठ र महासचिव राजाराम पौडेलले पत्रकारिता क्षेत्रका विविध विषयमा बोलेका थिए।

गण्डकी प्रदेशका खेल पत्रकारलाई लक्षित गरेर आयोजना गरिएको तालिम जेठ १९ गतेसम्म सञ्चालन हुने मञ्चले जनाएको छ । तालिममा मञ्चमा आवद्ध सदस्यको अलावा गण्डकी प्रदेशमा रहेर खेलकुदको बिटमा अगाडि बढ्न इच्छुक पत्रकारको समेत सहभागिता रहेको छ।

प्रदेश खेलकुद परिषद गण्डकी विशेष सहयोगमा आयोजना भएको तालिमको पहिलो दिन भलिवल खेलको बारेमा पूर्व राष्ट्रिय भलिवल खेलाडी लेखनाथ लम्सालले सहजीकरण गरें । कास्की जिल्ला भलिवल संघका उपाध्यक्ष रहेका लम्साल गण्डकी विश्वविद्यालयमा व्याचलर डिग्री स्पोर्ट्स मेनेजमेन्ट कोर्ष अध्यनरत रहेका छन्। उनले भलिवल खेलको बारेमा जानकारी दिँदै रिपोटिङका क्रममा अपनाउनुपर्ने सावधानीका बारेमा औल्याए। तालिमको प्रमुख प्रशिक्षक रहेका आइसिसिका एम्पायर दुर्गा नाथ सुवेदी देवेन्द्रदले बिहिबार क्रिकेट खेलको रिपोटिङको बारेमा सहजिकरण गर्नेछन् । नेपाल टेलिभिजनको समाचार प्रमुख रहेका सुवेदी नेपाल खेलकुद पत्रकार मञ्चका अध्यक्ष समेत हुन् । उनले क्रिकेटका अलावा समग्र खेल पत्रकारिता गर्दा अपनाउनुपर्ने सावधानीका बारेमा अवगत गराउनेछन् । दोस्रो दिनमा नै टेनिसका भेट्रान खेलाडी तथा टेनिस प्रतियोगिताका निर्देशक राजन पौडेलले टेनिस खेलसँग सम्बन्धीत विषयमा सहजीकरण गर्नेछन् । तालिमको तेस्रो दिन शुक्रबार एनए कोर्ष गरेका फुटबल रेफ्री सन्तोष गुरुङ र सुशिल केसीले फुटबल खेलका बारेमा प्रशिक्षण गराउनेछन् । गुरुङ नेपाल फुटबल रेफ्री संघका सदस्य तथा केसी कास्की जिल्ला रेफ्री संघका अध्यक्ष हुन् । तालिममा ७० जनाभन्दा बढी खेल पत्रकार सहभागी रहेको छ । पोखरा ट्रेड मल चिप्लेढुङ्गामा रहेको क्लासिक चुलोमा आयोजनागरिएको तालिममा पोखरा महानगरपालिकाले समेत सहयोग रहेको छ । त्यस्तो नेपाल खेलकुद पत्रकार मञ्च गण्डकी, गण्डकी प्रदेशका सम्पूर्ण खेलकुद पत्रकारको साझा संस्था हो । यो २०५७ सालमा खेलकुद पत्रकार मञ्च कास्कीका रुपमा स्थापना भएको थियो । हाल ७४ जना पत्रकार मञ्चमा आवद्ध छन्।

# पर्यटकीय गाउँ घान्द्रुकमा लायन्सको क्याविनेट बैठक हुँदै

पोखरापत्र संवाददाता
पोखरा, १७ जेठ

लायन्स क्लब इन्टरनेशनल डिस्ट्रिक्ट ३२५ एम को आयोजना एवम् लायन्स क्लब अफ पोखरा लेकसाइडको आतिथ्यता एवम् संयोजनमा कास्कीको पर्यटकीय गाउँ घान्द्रुकमा यही जेठ २७ गते चौथो क्याविनेट बैठक हुने भएको छ।

बैठकमा विभिन्न जिल्लाका १४० लायन्स क्लबका चार सय भन्दा बढी लायनहरू सहभागी हुने लायन्स क्लब अफ पोखरा लेकसाइडका अध्यक्ष लायन कृष्णकुमार श्रेष्ठले जानकारी दिनुभयो। सामाजिक सेवाका हरेक क्षेत्रमा कृयाशिल लायन्स क्लब इन्टरनेशनल डिस्ट्रीक्ट ३२५ एम अन्तर्गतका क्लबहरूले आआफ्नो स्थानमा विशिष्ट योगदान पुऱ्याउँदै आएको बताउँदै उहाँले यो बैठकबाट घान्द्रुकको पर्यटकीय विकासमा योगदान पुग्ने विश्वास लिइएको बताउनुभयो।

कोरोना लगायतका कारण प्रभावित पर्यटनमा लायन्सका माध्यमबाट आन्तरिक पर्यटन प्रवर्द्धनमा पनि जोड दिइएको उहाँले बताउनुभयो। कार्यक्रम संयोजक लायन जगन्नाथ तिमल्सिना( जयराम) का अनुसार घान्द्रुकमा हुने बैठकको तयारी तीव्र पारिएको छ । गाउँ पर्यटनको समेत विकास गर्ने उद्देश्य अनुरुप शहरी क्षेत्र बाहिर कार्यक्रम आयोजना गरिएको उहाँले बताउनुभयो । गुजुमुज्ज परेर पूर्वतर्फ फर्किएको ढुङ्गैढुङ्गाले छापिएको प्राचीन मौलिकतामा आधारित गुरुङ गाउँ हो घान्द्रुक। माछापुच्छ्रे, अन्नपूर्ण लगायत हिमशृंखलाको एकसाथ दृश्यावलोकन गर्न पाइने यो गाउँ अन्नपूर्ण चक्रीय पदमार्ग, घोरेपानी, पुनहिल, अन्नपूर्ण आधार शिविर आदिको प्रवेशद्वार भएका कारण पनि चासो र चर्चा कमाएको छ। समुदायमा आधारित पर्यटन यहाँको विशिष्टता हो। सन् १९५० मा मौरिस हर्जोगले अन्नपूर्ण हिमालको शिखर चुमेसँगै यो पर्यटकीय गन्तव्यका रुपमा स्थापित बनेको हो। कास्कीको अन्नपूर्ण गाउँपालिकामा पर्ने घान्द्रुक विशेषतः अन्नपूर्ण हिमाल तथा अन्नपूर्ण संरक्षण क्षेत्र घुम्न आउने स्वदेशी एवम् विदेशी पर्यटकको रोजाइमा पर्दछ । पदयात्रा पर्यटनको विशिष्ट गन्तव्य यस स्थलमा पर्यटकस्तरीय होटेल, होमस्टे आदि सञ्चालनमा आएका छन्।

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ्ग चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडबडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म


सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?



● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

समय विताउन चाहनुहुन्छ भने नमरेसम्म श्रम गर्नुहोस । – सास लिभोसन

## सम्पादकीय

# नेपाली जनतामाथि विश्वासघात

विवादास्पद नागरिकता विधेयक राष्ट्रपति रामचन्द्र पौडेलबाट प्रमाणीकरण गरेर प्रधानमन्त्री पुष्प कमल दाहाल प्रचण्ड भारत भ्रमणमा गएका छन । प्रधानमन्त्री दाहाल भारत भ्रमणमा जानु अघि राष्ट्रपतिले नागरिकता विधेयक जारी गर्नुलाई अर्थपूर्ण रुपमा हेरिएको छ । भारतको चाहनाअनुसार तयार भएको नागरिकता विधेयक नेपाली नागरिकता प्राप्त गर्ने पहिलेको कानुनी व्यवस्थालाई संशोधन गरेर नेपाली नागरिकता प्राप्त गर्न सहज बनाइएको छ ।

भारत भ्रमणमा जानुअघि भारतको चासो रहेको नागरिकता विधेयक प्रमाणीकरण गरेर प्रधानमन्त्रीले भारतलाई रिझाउने प्रयास गरेका छन । यसअघि २०७२ साल भदौ ७ गते कैलालीको टिकापुरमा भएको नरसंहारको घटनाका मुख्य अभियुक्त रेशम चौधरीलाई सरकारको सिफारिसमा राष्ट्रपति पौडेलले गणतन्त्र दिवसको अवसरमा आममाफी दिएका थिए। चौधरी अहिले रिहा भइसकेका छन् । उक्त घटनामा चौधरीको स्पष्ट संलग्नता रहेको भन्दै तीन तहका अदालतले चौधरीलाई दोषी ठहर गरेको थियो ।

सर्वोच्च अदालतको फैसलाको मसी सुक्न नपाउँदै सरकारले आममाफी दिएको छ। कानुनी शासनको खिल्ली उडाएको छ । भारतको दबावमा चौधरी रिहा भएको तीन दिनपछि फेरि भारतलाई नै खुशी पार्ने गरी राष्ट्रपतिले भारतीयलाई लाभ हुने गरी नागरिकता विधेयक प्रमाणीकरण गरेपछि सरकारले नेपालीलाई अल्पमतमा पार्ने काम गरेको भन्दै विरोध सुरु भएको छ । विधेयक प्रमाणीकरण हुने वित्तिकै सबैभन्दा धैरै नागरिकता भारतीयले पाउने अनुमान गरिएको छ। एकपछि अर्को गर्दै भारतलाई खुशी पार्ने काममा सरकार तल्लीन रहेको बेला सार्वभौम नेपाल र नेपालीमाथि शासन गर्ने अधिकार राष्ट्रपति र प्रधानमन्त्रीलाई छ कि छैन भन्ने गम्भिर प्रश्न खडा भएको छ ।

भारतले नचाहँदा नचाहँदै आफ्नै जोडबलमा पहिलो विदेश भ्रमण भारतबाट गर्ने अडान लिएका प्रधानमन्त्री दाहालले भारत भ्रमणका क्रममा देशविरुद्ध केके ‘ अपराध’ गरेर आउने हुन् भनेर नेपाली जनताले चिन्ता लिएर बस्नुपर्ने अवस्था छ। भारतलाई रिझाउनका लागि प्रधानमन्त्री जुनसुकै हदसम्म जान सक्छन् भन्ने आशंका केही दिनअघि भारतले संसद भवनको उद्घाटन गरेपछि जारी गरेको भारतको नक्सामा बारेमा नेपाल सरकार मौन हुनुले पनि बढाएको छ ।

यो नक्सामा भारतले लुम्बिनी र कपिलवस्तुलाई पनि आफ्नो क्षेत्रभित्र देखाएको छ। तर, यस विषयमा नेपाल सरकार चुइँक्क बोलेको छैन। अघिल्लो संसदबाट पारित भएको विधेयकलाई अहिलेको नयाँ संसदले चिन्दैन भन्ने मान्यताबाट पन्छिएर सरकारले पुरानै विधेयकलाई पारित गर्न राष्ट्रपतिलाई गरेको आग्रहलाई राष्ट्रपति पौडेलले स्वीकार गरेर देश र जनताप्रति विश्वासघात गरेका छन। नेपालमा निर्माण हुने अधिकांश जलविद्युत निर्माणको काम एकपछि अर्को गर्दै भारतलाई दिने काम भइरहेको छ। पञ्चेश्वरलगायतका जलविद्युत आयोजना भारतलाई दिने काम भइसकेको छ। यतिमात्र होइन भारतले आफ्नो लगानी नभएका नेपाली जलविद्युत आयोजनाको विद्युत नकिन्ने नीति नै बनाएको छ। भारतको नीति कार्यान्वयन गर्ने प्रधानमन्त्री र राष्ट्रपतिलाई स्वतन्त्र देशको प्रधानमन्त्री र राष्ट्रपति बनेर बस्ने नैतिकता छैन ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | सम्मान मिल्नेछ | तुला | शत्रुको भय |
| वृष | अप्रत्यसित लाभ | वृश्चिक | झमेला बड्ने |
| मिथुन | आर्थिक समस्या | धनु | कार्यमा सफलता |
| कर्कट | मानसिक तनाब | मकर | मन चञ्चल |
| सिंह | शारीरिक झमेला | कुम्भ | सहयोग मिल्नेछ |
| कन्या | ब्यापारमा लाभ | मीन | सत्कार मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।




वडा १३ को आश्रममा सहयोगः

पोखरा महानगरपालिका वडा न १३ ले पोखरा स्थित मानव सेवा आश्रमलाइ हालै जिन्सी समाग्री हस्तान्तरण गरेको वडा सदस्य सुचित तामाङले पोखरापत्रलाई वताइन् ।

# वडा प्रहरी कार्यालय वगरमा प्रहरी परिचालन कक्ष

पोखरापत्र संवाददाता
पोखरा, १७ जेठ

वडा प्रहरी कार्यालय वगर हाता भित्र प्रहरी परिचालन कक्ष निर्माण गरिएको छ ।

वडा प्रहरी कार्यालय वगर निर्माण तथा मर्मत संभार समितिले कार्यालय भित्र प्रहरी परिचालन कक्ष निर्माण सँगै महिला व्यारेकको मर्मत संभार गरेको हो । प्रहरी परिचालन कक्ष र महिला व्यारेकको जिल्ला प्रहरी कार्यालय कास्कीका प्रमुख प्रहरी उपरीक्षक अजय केसीले उद्घाटन गरे । यस अघि निर्माण तथा मर्मत संभार समितिका अध्यक्ष पुरुषोत्तम श्रेष्ठको नेतृत्वमा प्रतिक्षालय, थुनुवा कक्ष मर्मत, प्रहरी व्यारेक, दुर्गा मन्दीर, ट्राफिक पोष्ट, महिला प्रहरीका लागि आवास गृह, चमेना गृह मर्मत, शौचालय निर्माण कार्य सम्पन्न भएको छ । महिला व्यारेक मर्मत संभार र प्रहरी परिचालन कक्ष निर्माणमा २ लाख ४ हजार ५ सय ५१ रुपैया खर्च लागेको निर्माण तथा मर्मत संभार समितिका कोषाध्यक्ष चित्र बहादुर थापाले जानकारी दिए। पोखरा महानगरका वडा कार्यालय र स्थानियको सहयोगमा कक्ष निर्माण गरिएको अध्यक्ष श्रेष्ठले जानकारी दिए । ‘हाम्रो अनुरोधलाई सहर्ष स्विकार गरि सहयोग गर्ने सम्पूर्ण प्रति हार्दिक आभार व्यक्त गर्दछौं’ अध्यक्ष श्रेष्ठले भने‘ आगामी दिनमा पनि यहाँहरुको सहयोग र सद्भावको अपेक्षा गर्दछौं ।’ प्रहरी परिचालन कक्ष र महिला व्यारेक निर्माण समितिका अध्यक्ष पुरुषोत्तम श्रेष्ठले वडा प्रहरी कार्यलय वगरका प्रमुख प्रहरी निरीक्षक शालिकराम तिमिल्सिनालाई हस्तान्तरण गरेका थिए । कार्यक्रममा निर्माण समितिको कोषाध्यष पदममा रहि महत्पूर्ण भूमिका खेलेको भन्दै कोषाध्यक्ष चित्रबहादुर थापालाई मायाको चिनोले सम्मान र वडा प्रहरी कार्यालय वगरमा रहि उत्कृष्ट प्रहरी कार्य गर्ने प्रहरी हवल्दार लक्ष्मी खत्रीलाई नगद पुरस्कार प्रदान गरिएको थियो ।

कार्यक्रममा बोल्दै प्रमुख अतिथि जिल्ला प्रहरी कार्यालय कास्कीका प्रमुख प्रहरी उपरीक्षक अजय केसीले वडा प्रहरी कार्यालय वगरको आफ्नै जग्गा नहुदा वजेट विनियोजनमा समस्या भएको बताए । ‘वडाको आफ्नै जग्गा भएको भए भौतिक संरचना निर्माणका लागि वजेट विनियोजन हुने थियो’ उनले भने,‘ आफ्नै जग्गा नहुदा समुदायको सहयोगमा प्रहरीलाई हौसलना थप्ने काम भएको छ ।’

## एउटै व्यक्ति भएको सूचना



प्रस्तुत विषयमा लमजुङ जिल्ला मध्यनेपाल नगरपालिका वडा नं. ०८ साविक करापु गाविस वडा नं ८ निवासी भारतीय भु.पु. सैनिक नं. ५२४३१६६ २/३ जि आर का नायक सुभास गुरुङको श्रीमती सान्त माया गुरुङको नेपाली नागरिकताको प्रमाण पत्रमा सान्त माया गुरुङ उल्लेख भएको र भु पु अभिलेखमा झेरी माया गुरुङ भई नामधर फरक परे तापनि निज व्यक्ति फरक फरक नभई एउटै व्यक्ति भएको भनी मध्यनेपाल नगरपालिका वडा नं ८ को वडा कार्यालयबाट लेखि आएकोले भारतीय सेनामा काम गरे वापत् प्राप्त हुने सेवा सुविधाको प्रयोजनका लागि मात्र सोही अनुसारको सिफारिस गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

गण्डकी प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
**पर्यटन, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय**
**पर्यटन तथा उद्योग कार्यालय, कास्की**

## फर्म बन्द सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

प्रथम पटक प्रकाशित सूचना २०८०/०२/१६

यस कार्यालयमा मिति २०७६/१०/२१ मा कास्की जिल्ला पोखरा ३३ मा संचालन गर्ने गरि पोखरा ३० निवासी विश्व श्रेष्ठ सहित ६ जनाको नाममा दर्ता भएको उद्योग दर्ता नं. १६८१७/०७६/०७७(१७३९) को लाङ्गदी मल्ट्री एग्रो फर्म नामक फर्मको साझेदारहरूले मिति २०८०/०२/१६ मा फर्म बन्द गरीपाउ भनी आवश्यक कागजात सहित रितपूर्वक निवेदन दिनुभएको हुँदा यो ३५ दिने फर्म बन्द सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यदि सो उद्योगमा अरु कसैको हकदावी एवं कुनै पनि प्रकारको सामाजिक दायित्वहरु तथा लेनदेन भएमा सवुत प्रमाण सहित यो सूचना प्रकाशन भएको मितिले ३५ दिन भित्र यस कार्यालयमा लिखित उजुरी दिनुहुन अनुरोध गरिन्छ । म्याद भित्र लिखित उजुरी नपरेमा उक्त उद्योग नियमानुसार खारेज भई जाने हुँदा सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशन गरिएको छ ।

**पर्यटन तथा उद्योग कार्यालय, कास्की**
**गण्डकी प्रदेश, पोखरा**

# गौधाम टिकाउनै समस्या

पोखरापत्र संवाददाता
गल्याङ, १७ जेठ

स्याङ्जाको गल्याङ नगरपालिका-११ बन्नेडाँडास्थित कृष्णगण्डकी आलमदेवी गौधाम एवम् आध्यात्मिक चिन्तन संस्थामा रहेका गाई पाल्न समस्या हुँदै गएको छ। गोठ र चरन क्षेत्र गरी ११ रोपनी क्षेत्रफलमा फैलिएको गौधाममा लोपोन्मुख स्थानीय जातका १९ काठे गाई छन् ।

गोठाला खर्च, गाईका लागि घाँस, पराल, गोठ तथा चरन क्षेत्रको अभाव भएपछि समस्या हुँदै गएको हो । कृष्णगण्डकी आलमदेवी गौधाम व्यवस्थापन समितिका कार्यवाहक अध्यक्ष नारायण ढकालले सोचेजस्तो सहयोग नआउँदा गाईपालनमा समस्या थपिँदै गएको बताउनुभयो ।

“धार्मिक र चिकित्सकीय हिसाबले गाई महत्वपूर्ण भए पनि पछिल्लो समय हेलाको विषय बनेको छ”, उहाँले भन्नुभयो, “दिनमा पाँच/सात जनाको गाई पाल्दिनुपऱ्यो भनेर फोन आउँछ, गौपालक कर्मचारीलाई तलब व्यवस्थापन, गाईको आहार र चरन क्षेत्रको समस्या भएकाले थप गाई राख्न सकेका छैनौं ।”

स्थानीय तहको अघिल्लो सरकार हुँदा रु एक लाख र नयाँ सरकार आएपछि गौधामका लागि रु दुई लाख सहयोग प्राप्त गरेको उहाँले बताउनुभयो। ढकालले दुईजना कर्मचारीको मासिक तलब रु १५/१५ हजार नगरपालिकाले व्यवस्थापन गरिदिए गौधाम सञ्चालनको जटिलता केही अन्त्य हुने सुनाउनुभयो। उहाँले गाई संरक्षणका लागि प्रदेश सरकारसँग पनि सहयोगको माग गरेको बताउनुभयो । “गौधाममा २३/२४ गाई पाल्न मिल्ने गोठ छ, कहिलेकाहीँ कोचाकोच गरेर राख्न बाध्य छौँ”, उहाँले भन्नुभयो, “दुई गोठाला बिहान ६ देखि बेलुकी ७ बजेसम्म गाईको दैनिक हेरचाह गर्छन् ।”

हाल आजीवन सदस्य बनेका र दाताले दिएको रकम तथा घाँस परालले गौधाममलाई जसोतसो चलाएको उहाँले बताउनुभयो । गाई गौधाममा ल्याउनेलाई आजीवन सदस्य बनाएर रु पाँच हजार एक सय लिने प्रावधान बनाइएको छ । त्यसले पनि थोरै सहयोग गरेको छ। दाताबाट सोचेजस्तो सहयोग नआउँदा गाई संरक्षणमा समस्या भएको गोठाला महेश कुँवरले बताउनुभयो। “गाईलाई आहारा र चरन क्षेत्रको समस्या छ”, उहाँले भन्नुभयो, “अहिलेसम्म बल्लबल्ल चलाएका छौं, हामीलाई पनि खान बस्न समस्या छ ।” नगर उपप्रमुख हेमा न्यौपानेले गौ संरक्षणका लागि विगतका वर्षमा पनि नगरपालिकाले बजेट विनियोजन गरेर काम गरेको बताउनुभयो । उहाँले संरक्षण गरेका स्थानमा भएका जटिलताको अध्ययन गरेर आउने दिनमा समस्या समाधानका लागि पहल र प्रयास गर्ने प्रतिबद्धता जनाउनुभयो ।

“गाई धार्मिक र औषधीय दृष्टिकोणले महत्वपूर्ण भए पनि पछिल्लो समय लोप हुँदै जानु अत्यन्त दुःखद पक्ष हो”, उहाँले भन्नुभयो, “सामूहिक छलफलद्वारा गाईपालनतर्फ सबैको आकर्षण कसरी बढाउनुपर्छ, निचोड निकाल्नैपर्छ, सरोकारवालाहरूले विषय उठाएको खण्डमा नगरपालिकाले गम्भीरतापूर्वक पहल र प्रयास गर्ने छ।”

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

## हार्दिक समवेदना



जन्मः १९९५/०७/०२ गते

स्व. ध्रुवराज लम्साल

स्वर्गारोहणः २०८०/०२/०५ गते

माछापुच्छ्रे बचत तथा ऋण सहकारी संस्था लिमिटेडका शिक्षा उपसमिति सदस्य केशवराज लम्साल र शेयर सदस्य मन कुमारी लम्सालका सुपुत्र **ध्रुवराज लम्साल**को मिति २०८० जेठ ५ गते अल्पायुमा भएको असामयिक निधनले हामीलाई मर्माहत एवं स्तब्ध बनाएको छ। पीडादायी यस घडीमा स्वर्गीय ध्रुवराज लम्सालका पुजनीय माता/पिता लगायत शोकाकुल परिवारजनमा धैर्य धारण गर्ने शक्ति भगवानले प्रदान गरुन् भनी हार्दिक समवेदना प्रकट गर्दछौं । साथै दिवंगत आत्माको चिरशान्ति र बैकुण्ठमावासको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं ।

**पुष्पराज पराजुली**
**अध्यक्ष तथा**
**माछापुच्छ्रे बचत तथा ऋण सहकारी संस्था लि.**
**दमकलमार्ग पोखरा-८**

# पदमार्गले जोडिँदै करवाकेली-मोहरेडाँडा

**पोखरापत्र संवाददाता**
म्याग्दी, १७ जेठ

म्याग्दीको अन्नपूर्ण गाउँपालिका-८ मा रहेका प्रमुख दुई पर्यटकीयस्थल जोड्ने पदमार्ग निर्माण सुरु भएको छ । अन्नपूर्ण गाउँपालिकाको काफलडाँडामा रहेको करपाकेलीबाट राम्चेको शिर आलडाँडा हुँदै समुद्री सतहबाट तीन हजार तीन सय मिटर उचाइमा रहेको मोहरेडाँडा जोड्ने पदमार्ग निर्माण सुरु भएको हो ।

अन्नपूर्ण गाउँपालिका-८ का वडाध्यक्ष खमबहादुर गर्बुजाले गण्डकी प्रदेश सरकारको सशर्त अनुदानमा उपभोक्ता समितिमार्फत पदमार्ग निर्माण गर्न लागिएको जानकारी दिनुभयो । “प्रदेश सरकारबाट प्राप्त रु ३० लाख बजेटबाट पदमार्ग बनाउन लागिएको हो”, उहाँले भन्नुभयो, “जङ्गल, खोल्सा, भिर र साँघुरो ठाउँमा ढुङ्गाको सिँढी चिनेर पैदलमार्गका साथै दुईवटा विश्रामस्थल बनाउने योजना छ ।” करवाकेलीबाट आलडाँडासम्म र आलडाँडाबाट मोहरेडाँडासम्म दुईवटा खण्ड बनाएर पदमार्ग निर्माणमा स्थानीय मजदुर परिचालन गरिएको छ । पर्यटकलाई आश्रयका लागि सम्धीखर्क र आलडाँडामा दुईवटा प्रतिक्षालय भवन निर्माण गरिने करवाकेली-मोहरेडाँडा पर्यटन पदमार्ग उपभोक्ता समितिका अध्यक्ष गमबहादुर पुर्जाले बताउनुभयो । करवाकेली-आलडाँडा खण्डको पदमार्ग बनाउने जिम्मा काफलडाँडा टोलका उपभोक्ताले लिएका छन् ।

राम्चेका उपभोक्ताले आलडाँडाबाट मोहरेडाँडा खण्डको जिम्मा लिएका छन् । एक समूहमा दैनिक १०-१५ देखि १५-२० जनाका दरले मजदुर परिचालन गरिएको छ । आगामी जेठ मसान्तसम्म पदमार्ग निर्माण गरिसक्ने लक्ष्य छ । ढुङ्गा चिन्नुका साथै पुरानो बाटोको झाडी सफाइ तथा माटो काटेर व्यवस्थित पदमार्ग बनाइने अन्नपूर्ण गाउँपालिकाका इञ्जीनियर ईश्वर भण्डारीले बताउनुभयो । बस्तीबाट टाढा र भुइँमा बिछ्याउने ढुङ्गा नपाइदा पदमार्ग निर्माणमा चुनौती बनेको छ । पदमार्ग निर्माण भएपछि पर्यटक र स्थानीयवासीलाई आवतजावतमा सहज हुनुका साथै बाटो बिराउने समस्या हट्ने अपेक्षा गरिएको छ ।

पर्यटकको आगमन बढेसँगै व्यवस्थित पदमार्ग बनाउन लागिएको वडाध्यक्ष गर्बुजाले बताउनुभयो । अन्नपूर्ण गाउँपालिकाको वडा नं ६ मा पर्ने घोडेपानी, पुनहिलबाट मोहरेडाँडा-करवाकेली हुँदै बेनी-जोमसोम सडकअन्तर्गत पर्ने रघुगङ्गा गाउँपालिकाको बैसरी पुग्न सकिन्छ ।

गुराँसको जङ्गल, पुन समुदायको करवाकेली थान, सङ्ग्रहालय, ग्रामीण बस्ती, जीवनशैली, वनजङ्गल, वनस्पति र वन्यजन्तु करवाकेली-मोहरेडाँडा पदमार्गका आकर्षण हुन् । यो पदमार्गले करवाकेली र अन्नपूर्ण-धवलागिरि सामुदायिक पदमार्गलाई जोड्छ । करवाकेली र पुनहिलबाट तीन घण्टा पैदल हिँडेपछि पुगिने मोहरेडाँडा पछिल्लो समय पर्यटकको आकर्षण बढेको छ । यहाँबाट सूर्योदय, सूर्यास्त, सिस्ने, गुर्जा, धवलागिरि, अन्नपूर्ण, निलगिरि, माछापुच्छ्रे, मनास्लु हिमाल, म्याग्दी, पर्वत, बागलुङ, कास्की, स्याङ्जा र पाल्पाको भूगोल अवलोकन गर्न सकिन्छ ।

# डायलायसिस सेवा पुनः सञ्चालनमा

**पोखरापत्र संवाददाता**
दमौली, १७ जेठ

तनहुँको दमौली अस्पतालमा रहेको मिर्गौला उपचार केन्द्रमा डायलायसिस सेवा पुनः सञ्चालन गरिएको छ । उपकरण बिग्रिएपछि यहाँ बिगत डेढ महिनादेखि सो सेवा ठप्प थियो ।

यसअघि डायलायसिस उपकरण बिग्रँदा मिर्गौलापीडितलाई उपचारका लागि समस्या भएको थियो । गत वैशाखदेखि बिग्रिएका सातमध्ये पाँच उपकरण मङ्गलबार मर्मत गरी पुनः सञ्चालनमा ल्याइएको मिर्गौला उपचार केन्द्रका इन्चार्ज शैलेन्द्र पण्डितले जानकारी दिनुभयो । उपचार केन्द्रमा कुल ११ उपकरण रहेकामा सातवटा बिग्रिएका थिए ।

राष्ट्रिय मिर्गौला उपचार केन्द्रको प्राविधिक टोलीले बिग्रिएको उपकरण मर्मत गरी पुनः सञ्चालनमा ल्याएको हो । उहाँले भन्नुभयो, “अब नौवटा उपकरणबाट सेवा दिन सकिने भएको छ ।” चारवटा मात्रै उपकरण सञ्चालनमा हुँदा मिर्गौलापीडितलाई समस्या हुँदै आएको थियो ।

चारवटा उपकरण सञ्चालनमा हुँदा दैनिक १६ जनाले मात्रै सेवा पाउने गरेका थिए । एघारवटै उपकरण सञ्चालन भए दैनिक २७ बिरामीले सेवा पाउन सक्छन् । केन्द्रले दैनिक बिहान ७ देखि राति ११ बजेसम्म डायलायसिस सेवा सञ्चालन गर्दैआएको छ ।

दमौली अस्पताल व्यवस्थापन समितिका अध्यक्ष देवेन्द्र थापाले राष्ट्रिय मिर्गौला उपचार केन्द्रका कार्यकारी निर्देशक डा ऋषि काफ्लेसँगको समन्वयमा उपकरण पुनः सञ्चालनमा ल्याइएको बताउनुभयो । केन्द्रमा हाल डायलायसिस सेवा लिने बिरामीको सङ्ख्या ५० रहेको छ । अझै ३० मिर्गौलापीडित डायलायसिसका लागि पालो पर्खिँदै छन् । उनीहरू मिर्गौला उपचार केन्द्रमा डायलायसिसका लागि नाम टिपाएर पालो पर्खिरहेका छन् ।

नियमितरूपमा गराउनुपर्ने उनीहरूले हाल पोखरामा डायलायसिस गरिरहेका छन् । उपचार केन्द्रमा डायलायसिस गराइरहेका मिर्गौलापीडितले मिर्गौला प्रत्यारोपण वा अन्यत्रै स्थानान्तरण भएर गएमात्रै नयाँले मौका पाउने अवस्था रहेको पण्डितले बताउनुभयो । “ठाउँ खाली भएमात्रै नयाँलाई मौका दिने हो, कि उहाँहरूले मिर्गौला प्रत्यारोपण गर्नुपर्‍यो कि अन्यत्रै जिल्लामा स्थानान्तरण भएर जानुपर्‍यो”, उहाँले भन्नुभयो, “ठाउँ खाली भएपछि नाम दर्ता गरेकालाई यहाँ डायलायसिसको व्यवस्था मिलाउँछौँ ।”

विसं २०७२ मङ्सिर ३ गते अस्पतालमा डायलायसिस युनिट सञ्चालनमा आएको थियो । उक्त युनिट गत कात्तिक २४ गते दमौली अस्पताललाई हस्तान्तरण गरिएको छ । युनिटमा हालसम्म दुई सय २८ जनाले डायलायसिस सेवा लिएका छन् । केन्द्रमा तनहुँका अतिरिक्त छिमेकी जिल्लाका मिर्गौलापीडितले पनि डायलायसिस सेवा लिइरहेका छन् ।

हेल्थ केयर फाउण्डेसन अफ नेपालले दमौली अस्पतालमा डायलायसिस केन्द्र स्थापना गरेको थियो । केन्द्रका लागि मन्जु उपाध्यायले आफ्ना स्वर्गीय पति शत्रुधन उपाध्यायको स्मृतिमा सुरुमा रु एक करोड सहयोग गर्नुभएको थियो भने पछि उपकरण थप गर्नका लागि रु २५ लाख सहयोग गर्नुभएको थियो ।

# बिक्री हुन छाडे माटाका भाँडा

**पोखरापत्र संवाददाता**
बागलुङ, १७ जेठ

बागलुङको निसीखोला गाउँपालिकाका शिरबहादुर सुनार १५ वर्षभन्दा बढी समय माटाको भाँडा व्यवसाय गर्नुभयो । पछिल्लो समय आयातित धातुका भाँडाले माटाका सामग्री विस्थापित हुँदै गएपछि उहाँले यो व्यवसायनै छोड्नुभयो । उहाँले भन्नुभयो, “अहिले त जताततै प्लास्टिक, इस्टिल, सिल्टीका भाँडा पाइन्छ, उतिबेला माटोका बाहेक अरु भाँडा कम पाइन्थे, त्यही भएर पनि व्यापार राम्रो हुन्थ्यो, तर अहिले बिक्री हुनै छोड्यो ।”

बजारबाट विभिन्न भाँडावर्तन खरिद गर्ने र गाउँ-गाउँमा पुगेर व्यापार गर्ने उहाँ अहिले घरधन्दामै व्यस्त हुनुहुन्छ । एक दशक अगाडिसम्म बागलुङका बजार र ग्रामीण क्षेत्रमा माटाका भाँडा प्रसस्त पाइने भए पनि अहिले निकै कम भएको उहाँको भनाइ छ । यही व्यवसायबाट आफ्नो छोराछोरी पढाउने र परिवार चलाउने गरे पनि माटाका भाँडाको माग निकै कम हुने र व्यापार हुन छोडेपछि व्यवसायबाट अलग्गिुपरेको उहाँले बताउनुभयो । काठमाडौँ, भक्तपुर र चितवनदेखि खरिद गरेर भाँडा बिक्री गर्ने उहाँले व्यापार नभएपछि लाखौँको नोक्सान ब्यहोर्नुपरेको दुखेसो पोख्नुभयो । उहाँले भन्नुभयो, “पहिले गाउँमा रक्सी पार्ने हाँडी, घैँटो र पैसा जम्मा गर्ने खुत्रुकेको माग निकै आउने गर्थ्यो, एकै पटकमा दुई/तीन लाखको सामान खरिद गरेर बेच्ने गर्थे, सुरुको १० वर्ष राम्रो व्यापार भयो, घर बारी जोडे तर पछिल्लो पाँच वर्ष व्यापार निकै कम भयो, खरिद गरेको पैसा पनि नउठेपछि व्यापार गर्न छोडे, अहिले छोराछोरी हुर्किए, उनीहरूले आफ्नो धन्दा गर्न छन्, म बुढो घरको काम गरेर बस्छु, माटोका भाँडा अहिले हराउँदै गए, प्रयोग पनि हुन छोडे ।” सुनारले बाहिरबाट आउने धातु र प्लास्टिकका भाँडामा राज्यले रोक लगाउन सके मात्रै माटाका भाँडाको प्रयोग बढ्ने बताउनुभयो । आफ्ना बाउबाजेका पालमा धातुका सामान निकै कम पाइने हुँदा माटाकै भाँडा बढी प्रयोग हुने गरेको उहाँको भनाइ छ । बागलुङ नगरपालिका-२ का टीकाबहादुर बोसेलले २५ वर्ष माटाका भाँडा बेच्ने काम गर्नुभयो । अहिले यो व्यवसाय उहाँकी छोरी ३६ वर्षीया सुमित्रा बोसेलले सञ्चालन गर्नुभएको छ । बीऔँ वर्ष व्यवसाय गर्दा टीकाबहादुरले राम्रो आम्दानी गर्नुहुन्थ्यो । तर अहिले सुमित्राले निकै कम भएको सुनाउनुभयो । पाँच वर्षदेखि माटाको भाँडा व्यवसाय सञ्चालन गर्नुभएकी बोसेलले मासिक रु १०/१२ हजार आम्दानी गर्न पनि गाह्रो हुने गरेको उहाँले गुनासो गर्नुभयो । सुमित्राले साँघुरो पसलमा हाँडी, घैटो, गमला, खुत्रुकेलगायत विभिन्न थरीका माटोका सामान राख्नुभएको छ । ती भाँडासँगै प्लास्टिकका गमला, बाल्टी, खुत्रुकेलगायतका सामान पनि छेउमै छन् । माटाको भाँडा बिक्री नभएपछि प्लास्टिकका भाँडा पनि राखेको उहाँले सुनाउनुभयो । माटाको भाँडा बकेचेर दिनभरिमा रु पाँच सयको कमाइ गर्न पनि नसकिने बताउनुहुन्छ । अहिले भाँडा बेचेर परिवार चलाउन सक्ने अवस्था नरहेको उहाँको भनाइ छ ।


## विमा लेख हरायो

**लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेडवाट जारि गरिएको निम्न लिखित बीमालेख पृथ्वीचोकदेखि स्याङ्जासम्म जाँदा हराएको हुँदा फेला पार्नुहुने महानुभावहरुले निम्नलिखित ठेगानामा सम्पर्क गर्न अनुरोध गर्दछु ।**

**नामः सपना चपाई**
**विमा लेख नं. १३००७५४६०**
**ठेगानाः अर्जुन चौपारी गा.पा.-३, स्याङ्जा**
**सम्पर्क : लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेड**
**फोनः ९८६३३७६६७७**



**गण्डकी प्रदेश सरकार**
**उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय**
**पर्यटन, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय**
**पर्यटन तथा उद्योग कार्यालय, तनहुँ**

## फर्म बन्द सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

प्रथम पटक प्रकाशित सूचना २०८०/०२/१८

पर्यटन तथा उद्योग कार्यालय, तनहुँमा मिति २०५९/१०/०५ मा दर्ता भएको प्रा.फ/सा.फ. नं. १४९३/०५९/०६० को विजय राईस एण्ड फ्लोर मिल नामको प्राइभेट फर्म खारेजी गरी पाउँ भनी प्रोपाइटर भिमाद-०७, तनहुँ बस्ने श्री लेखनाथ ढकालको निवेदन परेकोले उक्त फर्मसँग कसैको कुनै प्रकारको लेनदेन वा दायित्व बाँकी रहेको भए सूचना प्रकाशन भएको मितिले ३५ दिन भित्र सो प्रमाण सहितको लिखित दावी पर्यटन तथा उद्योग कार्यालय तनहुँमा पेश गर्न यो सूचना प्रकाशन गरिन्छ ।

**पर्यटन तथा उद्योग कार्यालय, तनहुँ**
**गण्डकी प्रदेश**


## धितोमा रहेको जग्गा डाँक बढाबढद्वारा लिलाम बिक्री गरिने बारेको ७ दिने सार्वजनिक सूचना

सूचना प्रकाशित मिति : २०८०/०२/१८, पोखरापत्र राष्ट्रिय दैनिक

तपसिल बमोजिमका ऋणीले यस बाराही बचत तथा ऋण सहकारी संस्था लि. पोखरा-१७ कास्कीबाट देहाय बमोजिम कर्जाको संस्थालाई बुझाउनुपर्ने साँवा, ब्याज, हर्जना तथा अन्य लेना रकम बुझाउन पटक पटक मौखिक तथा लिखित रुपमा ताकेता एवम् मिति २०७९/०२/१८ गते समाधान राष्ट्रिय दैनिक पत्रिकामा कर्जा बुझाउने बारे ३५ दिने सूचना प्रकाशित, धितो लिलामी बारे २०७९/०८/२१ गते पोखरापत्र राष्ट्रिय दैनिक पत्रिकामा ३५ दिने सूचना प्रकाशित र मिति २०८०/०१/२६ गते १५ दिने धितो लिलाम गर्ने सूचना पोखरापत्र राष्ट्रिय दैनिकमा प्रकाशित गर्दा समेत तपाई ऋणी कर्जा भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकाले यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र संस्थाको सम्पूर्ण लेना रकम चुक्ता गर्नुहुन ऋणी, धन जमानी दिनुहुने व्यक्तिलाई यो सार्वजनिक सूचना जारी गरिएको छ । उल्लेखित ७ दिन भित्र कर्जा चुक्ता नगरेमा संस्थालाई लेखिदिएको धितो चल अचल सम्पत्ति सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५, प्रचलित सहकारी मापदण्ड तथा संस्थाको विनियम समेतले लिएको अधिकार प्रयोग गरी देहाय बमोजिमको मितिमा धितो लिलाम डाँक बढाबढ गरिने हुँदा इच्छुक व्यक्ति/संस्था तथा सबैको जानकारीका लागि यो जरुरी सूचना प्रकाशन गरिएको छ । उल्लेखित धितो सम्पत्ति लिलाम बिक्री गरी वा संस्था आफैले सकार गर्दा समेत संस्थाबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा संस्था आफैले सकार गरी लिएमा पछि मेरो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा संस्था आफैले सकार गर्दा समेत संस्थाको सम्पूर्ण लेना रकम असुर उपर नभई बाँकी रहेमा ऋणी लगायत कर्जाको व्यक्तिगत जमानी दिनेहरुको अन्य श्रीसम्पत्तिबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराइएको छ ।

### तपसिल

| क्र.सं. | ऋणी सदस्यको तीन पुस्ते विवरण | धितो विवरण |
|---|---|---|
| १ | **ऋणीः शान्त कुमारी श्रेष्ठ (वर्ष ५५)**<br>नागरिकता नं.: ६१६६/११७७ दोलखा जिल्ला (२०४४/१०/१३)<br>पतिः बालकृष्ण श्रेष्ठ<br>ससुराः ललित बहादुर श्रेष्ठ<br>ठेगानाः पोखरा म.न.पा वार्ड नं.-१७, कास्की ।<br>स्थायी ठेगानाः माटी-१, दोलखा जिल्ला । | ऋणीको नाममा मालपोत कार्यालय कास्कीमा एकलौटी दर्ता श्रेस्ता कायम रहेको पोखरा-१७, कास्की, नक्सा सिट नं. ०९३०९९८२१, कि.नं. २२९ क्षेत्रफल १६१.५० वर्ग मिटरको जग्गा |
| | **धन जमानी कर्ताको विवरण**<br>**नाम : सुरज श्रेष्ठ (वर्ष २७)**<br>नागरिकता नं.: २२२१०१४/१४३६ दोलखा<br>ठेगाना : पोखरा म.न.पा वडा नं. -१७, कास्की<br>बाबुको नाम : बालकृष्ण श्रेष्ठ<br>बाजेको नाम : ललित बहादुर श्रेष्ठ | **कर्जाको विवरण :-** साँवा : रु.२८,२०,०००।-<br>ब्याज : रु. ९,१३,४२०।- (मिति २०८०/०२/१७ सम्मको)<br>हर्जाना : रु. १,८६,९१५।- (मिति २०८०/०२/१७ सम्मको)<br>अन्य : रु. ३०,०००।-<br>**कुल जम्मा : रु. ३९,५०,३३५।-** |

**धितो लिलाम सम्बन्धी शर्तहरु :**

१. संस्थाको तर्फबाट धितो लिलाम बिक्रीको सूचना प्रकाशन भएको मितिले ७ दिन भित्र ऋणी वा जमानीबाट सम्पूर्ण कर्जा चुक्ता हुन नसकेमा ८ औँ दिन अर्थात मिति २०८०/०२/२५ गते बिहीबार दिउँसो १:०० बजेदेखि ४:०० बजेसम्म यस संस्थाको कार्यालय पोखरा-१७, कास्कीमा लिलाम डाँक बढाबढ सम्बन्धी कार्य हुनेछ । उक्त दिन बिदा परेमा बिदाको लगत्तै कार्यालय खुलेको दिन लिलाम बढाबढ हुनेछ ।
२. धितो लिलाम डाँक बढाबढमा कम्तीमा ३ (तीन) जना व्यक्ति/संस्थाहरुले भाग लिएको हुनुपर्नेछ ।
३. धितो डाँक बढाबढमा सबैभन्दा बढी बोलकबोल गर्ने व्यक्ति/संस्थाले बोलेको अंकको कम्तीमा १० (दश) प्रतिशतले हुने नगद रकम धरौटी बापत त्यसै दिन संस्थामा जम्मा गर्नुपर्नेछ ।
४. लिलाम सकार गर्न व्यक्ति/संस्थाले लिलाम सदर भएको ७ (सात) दिन भित्र बाँकी रकम बुझाउनुपर्नेछ । बुझाउनुपर्ने बाँकी रकम तोकिएको मितिमा बुझाउन नसकेमा जम्मा भएको धरौटी रकम स्वतः जफत हुनेछ । लिलाम सदर/बदरको निर्णय नभएसम्म धरौटी रकम फिर्ता माग गर्न र सोमा ब्याज दाबी गर्न पाइने छैन ।
५. डाँक बढाबढको सुरुवात अंक चल अचल सम्पत्तिको न्यूनतम मूल्याङ्कनबाट सुरुवात गरिनेछ ।
६. धितो लिलाम डाँक बढाबढ सदर वा बदर गर्नु अगावै सम्बन्धित ऋणीले संस्थालाई भुक्तानी गर्नुपर्ने सम्पूर्ण रकम बुझाएमा लिलामी कारबाही हुने छैन ।
७. लिलाम सदर भए पश्चात दाखिल/खारेज नामसारी गर्ने क्रममा सम्बन्धित मालपोत कार्यालयमा लाग्ने मालपोत रजिष्ट्रेशन दस्तुर एवं लाभांश कर, लगायत अन्य भैपरी आउने खर्च रकम स्विकृत हुने बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ ।
८. धितो सम्पत्ति लिलाम बढाबढमा कसैले नसकारेमा संस्था आफैले सकार गर्न सक्नेछ ।
९. लिलाम बिक्री गर्दा लागेको सम्पूर्ण खर्चहरु ऋणी स्वयंको ज्येथाले व्यहोर्नु पर्नेछ । डाँक बढाबढमा सबैभन्दा बढी बोलकबोल गर्ने व्यक्ति/संस्थालाई दिने वा नदिने सम्पूर्ण अधिकार संस्थामा सुरक्षित रहनेछ ।
१०. अन्य थप जानकारीका लागि संस्थाको कार्यालयमा कार्यालय समयभित्र सम्पर्क गर्न अनुरोध गरिन्छ ।

**बाराही बचत तथा ऋण सहकारी संस्था लिमिटेड**
**पोखरा-१७, कास्की, फोन नं. : ०६१-४५३१८७**